# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन, बागमती प्रदेश, नेपाल

# BHARATPUR METROPOLITAN CITY
## Office of Municipal Executive
Bharatpur, Chitwan, Bagmati Province, Nepal

### कृषि विकास कार्यक्रमहरुमा सहभागी हुन प्रस्ताव आव्हानको सूचना

सूचना नं. ०१-२०८२/०८३ (कृषि विकास)

प्रथम पटक प्रकाशित मिति- २०८२/०५/१२

भरतपुर महानगरपालिका कृषि तथा पशुपंक्षी व्यवसाय प्रवर्द्धन शाखाको आ.व. २०८२/०८३ को वार्षिक नगर विकास योजनाको स्वीकृत कार्यक्रम अनुसार तपसिल बमोजिमका कार्यक्रमहरु संचालन गर्न लागिएको हुँदा भरतपुर महानगरपालिका भित्रका र कार्यविधिमा तोकिएको मापदण्ड पुरा गरेका ईच्छुक आवेदक (कृषक समुह, कृषि सहकारी, कृषि फर्म, कृषि कम्पनी) हरूले सूचना प्रकाशन भएको मितिले ३० दिन भित्र (मिति २०८२/०६/१० सम्म) तपसिलका शर्तहरु पुरा गरी माग निवेदन र प्रस्तावना पेश गर्नहुन यो सूचना प्रकाशन गरीएको छ। तोकिएको मापदण्ड पुरा नभएका र म्याद भित्र पेश नभएका प्रस्तावहरु लाई मूल्यांकन प्रकृयामा समावेश गरिने छैन। कार्यविधि भरतपुर महानगरपालिकाको वेवसाइट www.bharatpurmun.gov.np बाट डाउनलोड गर्न सकिने छ । इच्छुक आवेदकले छनोट भएपछी आफुले बेहोर्नुपर्ने सहभागिता रकम महानागर्पलिकको खाता मा जम्मा गर्नु पर्नेछ र महानगरपालिकाले वोलपत्रद्धारा निर्माण गराउनेछ।

| क.स | कार्यक्रमको नाम | परिमाण | विनियोजित बजेट/ अनुदान | आवेदक | कार्यक्रम संचालन प्रकृया |
|---|---|---|---|---|---|
| १ | बोरिङ्ग निर्माणमा अनुदान | माग अनुसार | ३० लाख/अधिकतम ८५ प्रतिशत अनुदान | कृषक समुह/कृषि सहकारी/कृषि फर्म/कृषि कम्पनी/ कृषि कार्य गर्ने गरी उद्देश्यमा स्पष्ट उल्लेख गरिएको सहकारी | कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७ बमोजिम |

.................................

लक्ष्मी प्रसाद पौडेल

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

भरतपुर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन, बागमती प्रदेश, नेपाल
BHARATPUR METROPOLITAN CITY
Office of Municipal Executive
Bharatpur, Chitwan, Bagmati Province, Nepal

<u>तपसिल (आवश्यक कागजात तथा सर्तहरु)</u>

१. कृषक समुह/सहकारी/ कृषि कम्पनीको निर्णय र प्रस्तावना सहित माग निवेदन ।
२. सम्बन्धित संस्थाको नविकरण गरिएको दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बरको प्रतिलिपि र चालु आ.व. को कर चुक्ताको प्रतिलिपी ।
३. कृषक समुह/कृषि सहकारी/कृषि फर्म/कृषि कम्पनीको हकमा प्रस्ताव पेश गर्ने तथा अख्तियार प्रदान गरिएको निर्णयको प्रतिलिपी।
४. प्रस्ताव पेश गर्ने संस्थाको अख्तियार प्राप्त/जिम्मेवार व्यक्तिको नागरिकताको प्रतिलिपि तथा अख्तियारी पत्र ।
५. सम्बन्धित वडा कार्यालय/कृषि सेवाकेन्द्रको कार्यक्रममा सहभागिताको लागि सिफारिस पत्र ।
६. कार्यक्रम संचालन गर्ने जमिनको लालपुर्जाको प्रतिलिपि/ भाडामा लिएको जमिन भए कम्तिमा ५ बर्ष भाडामा लिएको हुनुपर्ने र सम्बन्धित कार्यक्रमको कार्यविधि अनुसारका कागजातहरु ।
७. सिंचाईको हकमा कम्तिमा ४ विघा क्षत्रफल हुनुपर्ने र सो को क्षत्रफल खुल्ने जग्गाको लालपुर्जा र नापि नक्सा को छांयाप्रति अनिवार्य रुप मा पेश गर्नुपर्ने छ।
८. कृषक समुह/कृषि सहकारी/कृषि फर्म/कृषि कम्पनीले आवेदन दिनको लागी एक वर्ष पहिले दर्ता गरेको हुनुपर्ने छ ।
९. २०८१/०८२ मा यस कृषि शाखा बाट सोहि शीर्षकमा अनुदान पाएको कृषक समुह/कृषि सहकारी/कृषि कम्पनीको सदस्यले यस आ.व.२०८२/२०८३ मा आवेदन दिन नपाउने ।
१०. कृषि सहकारीको हकमा लाभाग्राही सदस्यको सदस्यता प्रमाणपत्र प्रतिलिपि पेश गर्नु पर्ने ।
११. एक लाख सम्मको अनुदान प्रस्तावको आवेदन दस्तुर रु.१००, दुई लाख देखि पाँच लाख सम्मको लागि रु.३०० र पांच लाख भन्दा माथिको प्रस्तावलाई रु. ५०० दस्तुर बुझाएको रसिद।

नोट- कार्यक्रम सम्वन्धी थप जानकारीको लागि भरतपुर महानगरपालिकाको कृषि तथा पशुपंक्षी व्यवसाय प्रवर्द्धन शाखा को फोन नं.-०५६-४९३४३७ मा सम्पर्क गर्न सकिने छ। कार्यविधि संसोधन भएमा संसोधित कार्यविधि बमोजिम नै कार्यक्रम संचालन हुने छ। प्रस्ताव दर्ता गर्दा निवेदक स्वयम उपस्थित हुनु पर्ने छ ।

प्रमुख प्रशासकीय अधिकृत